# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, माघ २६ गते २०६० साल (संख्या ४३

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय योजना आयोगको सचिवालयलाई हस्तान्तरण [illegible]एको शाही नेपाली महावाणिज्य दूतावास कलकत्ताको स्वामित्वमा रहेको टोयोटा कोरोला कारको आयातमा लाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूर्णरूपमा छुट गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषले जापानबाट आयात गर्ने जापानी येन १४,५८,०००।– मूल्य बराबरको होण्डा कार थान एकमा लाग्ने सडक निर्माण तथा सम्भार दस्तुर पूर्णरूपमा छुट गर्ने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्रज्योति संघ राष्ट्रिय ट्रकोमा कार्यक्रमले अस्पताल र सामुदायिक कार्यक्रम मार्फत निःशुल्क वितरण गर्न आयात गर्ने अमेरिकी डलर ४,२७,०२३।३६ मूल्य बराबरको Zithromax औषधिमा १ प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल र मूल्य अभिवृद्धि कर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

श्री ५ को सरकारको २०६० साल पुस ११ गतेको निर्णयानुसार राजपत्राङ्कित विशिष्ठ श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क्र.सं. | नाम, थर | साविकको पद र मन्त्रालय/आयोग/कार्यालय | हाल सरुवा भएको पद र मन्त्रालय/कार्यालय |
|---|---|---|---|
| १. | श्री लोकमान सिंह कार्की | सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय | सचिव, स्वास्थ्य मन्त्रालय |
| २. | श्री लवकुमार देवकोटा | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ३. | श्री महेन्द्रनाथ अर्याल | सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४. | श्री मोहनबहादुर कार्की | प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र | सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय |
| ५. | श्री विजयराज भट्टराई | सचिव, स्वास्थ्य मन्त्रालय | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| ६. | श्री टीकादत्त निरौला | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सचिव, सामान्य प्रशासन मन्त्रालय |
| ७. | श्री तीर्थराज शर्मा | सचिव, सामान्य प्रशासन मन्त्रालय | सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय |
| ८. | श्री स्वयम्भूमान अमात्य | कार्यकारिणी सचिव, जल तथा शक्ति आयोग | सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय |

आज्ञाले,
महेन्द्रनाथ अर्याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।